नेपालसरकार

गृहमन्त्रालय

**राष्ट्रियविपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण**

**SitRep #६२**

**६ भदौ २०७७**

| **२०७७ बैशाख १ देखि भदौ ५ गते सम्मका विपद्का मुख्य घट्नाहरुको विवरण** | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पहिरो | | | बाढी | | | चट्याङ्ग | | | कुल जम्मा | | |
| मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते |
| २२५ | ५५ | १८७ | १४ | २४ | ७ | ५२ | ० | १६५ | **२९१** | **७९** | **३५९** |
| **२०७७ जेठ ३० मनसुन सुरु भएदेखि भदौ ५ गते सम्मका विपद्का मुख्य घट्नाहरुको विवरण** | | | | | | | | | | | |
| पहिरो | | | बाढी | | | चट्याङ्ग | | | कुल जम्मा | | |
| मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते |
| २२३ | ५५ | १८६ | ११ | २३ | ५ | २२ | ० | ४६ | **२५६** | **७८** | **२३७** |
| **२०७७भदौ ५ देखि ६ गते विहान १० बजेसम्म मृत्यु भएकाहरुको विस्तृत विवरण** | | | | | | | | | | | |
| पहिरो | | | बाढी | | | चट्याङ्ग | | | कुल जम्मा | | |
| महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| १ | १ | **२** | ० | ० | **०** | ० | ० | **०** | **१** | १ | **२** |

# दैनिक विपद् बुलेटिन

५ भदौ विहान१०:००बजेदेखि ६ भदौ बिहान१०:००बजेसम्म

**नेपाल**मा विभिन्न जिल्लामा गरेर ३ स्थानमा **पहिरो, २** स्थानमा **आगलागी, १** स्थानमा **अबिरल बर्षा, १** स्थानमा **बाढी**का घटना घटेका छन् । यी घटनामा परेर **२** जना **मृत्यु** भएको छ । **पहिरोका** कारण **२** स्थानमा **बाटो अबरुद्ध** र करिव **६५ लाख ७० हजार रुपैंया** बराबरको धनमान क्षति भएको छ ।

| मृत्यु संख्या | हराएको | घटना संख्या | घाइते | अनुमानित क्षति रु | सडक अवरोध | चौपाया क्षति |
|---|---|---|---|---|---|---|
| २ | ० | ७ | ० | २७,६५,००० | २ | ० |

## घट्ना सारांश

- **मुलुकभर** गएको २४ घण्टामा विपद्का **७** वटा घट्ना भएका छन् ।
- **सिन्धुपाल्चोकको** थप अपडेट मिति २०७७।४।३० गते जुगल गाउँपालिका वडा नं २ लिदीमा गएको पहिरोमा परि बेपत्ता भएकाहरु मध्ये **२ जनाको शव** फेला पारेको । **हालसम्म ३० जनाको मृत्यु, ९ जना बेपत्ता, ५ जना घाईते छन् ।**(बेपत्ता थपघट हुन सक्ने)
- **काठमाडौं**को काठमाडौं महानगरपालिका वडा नं १३ बाफल दृष्टि आँखा अस्पताल अगाडीको बिजुलीको पोलमा रहेको तारमा करेन्ट सर्ट भई **आगलागी** हुँदा बिजुलीको तार पुर्णरुपमा जलि नष्ट भएको ।
- **रोल्पा**को रोल्पा नगरपालिका वडा नं ८ नम्लीमा **पहिरो** आई उपस्वास्थ्य चौकीको भवन, सुनौलो आमा समुहको भवन, मिल पुर्णरुपमा क्षति भई थप एक घरको पर्खाल भत्किईएको । त्रिविणी गाउँपालिका वडा नं ५ नयाँबस्ती स्थित एक पानी मिल रहेको घर समेत **चौकी खोलाले बगाई १० लाख रुपैंया** बराबरको क्षति । थवाङ गाउँपालिका वडा नं ३ सिलवाङस्थित एक किराना पसल माथिबाट **पहिरो** आई पसल पुरिई **७० हजार रुपैंया** बरावरको क्षति ।

## घट्ना सारांश...

- **कैलाली**को टिकापुर नगरपालिका वडा नं १ क्याम्पस रोडस्थित एक किराना पसल र दुध डेरीमा विद्युतको तार सर्ट भई **आगलागी** हुँदा दुबै पसलका विभिन्न सरसामानहरू जली **५५ लाख रुपैंया** बराबरको क्षति ।

## बाटो अबरुद्ध

- **अछाम**को साँफेबगर नगरपालिका वडा नं १० टाँसी बजार स्थित **अछाम बाजुरा सडक खण्ड**मा **पहिरो** आई **बाटो अवरुद्ध** ।
- **चितवन**को ईच्छाकामना गाउँपालिका वडा नं ५ तिन नंम्बर पुल नजिक **नारायणगढ मुग्लिन सडक खण्ड**मा माथिबाट **सुख्खा पहिरो** आई **बाटो अवरुद्ध** ।

## प्रतिकार्य

- सुरक्षा निकायको टोलीबाट सिन्धुपाल्चोकको लिदी पहिरोमा परी बेपत्ता भएकाको खोजी कार्य जारी रहेको, स्थानीयको सहयोगमा आगलागी नियन्त्रणमा लिइएको ।

## बाढी पूर्वानुमान

**<u>भदौ-०६ (शनिबार) (विहान ७ बजे देखि २४ घण्टा)</u>**

- **आज कोशी, नारायणी ,कर्णाली, महाकाली र यसका सहायक नदीमा बहाव सामान्य घटबढ हुने तथा सतर्कता तह भन्दा तलै हुने पूर्वानुमान छ ।**
- **आज कन्काई, पश्चिम राप्ती, बबई लगायतमा बहाब सामान्य घटबढ हुने तथा सतर्कता भन्दा तलै हुने । आज कमला, बागमती, तिनाउ र यसका स-साना सहायक नदीमा बहाब सामान्य बढ्ने तर सबैमा सतर्कता भन्दा तलै हुने पूर्वानुमान छ ।**
- **आज दोलखा, रामेछाप, सिन्धुली, काभ्रेपलाञ्चोक, काठमाडौँ उपत्यका, सिन्धुपाल्चोक, रसुवा, गोरखा, लमजुङ, तनहुँ, कास्की, पर्बत, बागलुङ, स्याङ्गजा, पाल्पा, अर्घाखाँची, कपिलबस्तु, दाङ, डोटी, अछाम, डडेल्धुरा, बैतडी, बझाङ र आसपास जिल्ला भइ बहने स-साना नदीमा बहाब केहि बढ्ने तर सबैमा सतर्कता भन्दा तलै हुने पूर्वानुमान छ ।**

**थप जानकारीका लागि जल तथा मौसम विज्ञान विभागको वेभसाइटः http://hydrology.gov.np/**

## वर्षाको सारांश

भदौ ०५ गते बिहान ०८:४५ बजे देखि भदौ ०६ गते ०८:४५ बजे सम्म

आज मिति २०७७/०५/०६ गते बिहान ०८:४५ बजे १८२ वटा वर्षा मापन केन्द्रहरु (मानब संचालितः ३६ र स्वचालितः १४६) मा मापन गरिएको वर्षाको विवरण अनुसार १०९ वटा केन्द्रहरुमा वर्षा भएको छ (चित्र १) । उक्त केन्द्रहरु मध्ये सबैभन्दा बढि वर्षा (७८.९मि. मी.) सिन्धुपाल्चोक जिल्लाको बाह्रबिसे केन्द्रमा मापन गरिएको छ । वर्षा मापन भएका केन्द्रहरु मध्ये १ वटा केन्द्रमा ५० मि. मी. भन्दा बढि, १ वटा केन्द्रमा २५मि. मी. भन्दा बढि र १३ वटा केन्द्रमा १० मि. मी. भन्दा बढि वर्षा मापन भएको छ ।




चित्र १: दैनिक वर्षा(छायांकित रंग) तथा केन्द्रको अवस्थिती (गोलाकार संकेत)

**वर्षा तथा जलवायु सम्बन्धि थप जानकारीको लागि www.dhm.gov.np/climate/मा हेर्नुहोस।**